दैनिक लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

फ्ल्याट भाडामा
बुटवल उप-महानगरपालिका-८, सुख्खानगर भानुपथमा अवस्थित सुविधा सम्पन्न 3 BHK (3 Bed Room, 1 living Room, 1 Kitchen , 1 dining, 1 Toilet, Bath Room, 1 Toilet) गाडी पार्किङ्ग सहितको भुई तल्लाको फ्याल्ट खाली रहेकोले भाडा लिन इच्छुक अफिस, गोदाम तथा ठूलो परिवारले सम्पर्क गर्नुहोला।
सम्पर्क नं.
९८५७०३६७४९, ९८४७०८२०२१

वर्ष ३६ | अंक २२० | बुटवल | २०८१ साउन २२, गते मंगलबार | नेपाल संवत ११४४ | Tuesday Aug.6, 2024 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini

बंगलादेश घटना :

## नेपालमा उच्च सुरक्षा सतर्कता



लुम्बिनी संवाददाता

*बुटवल*

आरक्षणको विरोधमा बंगलादेशमा आन्दोलन चर्किएर प्रधानमन्त्रीले समेत देश छोडेपछि नेपालमा पनि उच्च सुरक्षा सतर्कता अपनाइएको छ। गृह मन्त्रालयले सुरक्षा निकायलाई उच्च सतर्कता अपनाउन भन्दै निर्देशन दिएको छ। गृह स्रोतले भन्यो-'बंगलादेशको घटनालाई लिएर उच्च सतर्कता अपनाउन निर्देशन दिएका छौं।'

नेपाल प्रहरीले उच्च सतर्कता अपनाउँदै थप जनशक्ति परिचालन गरेको नेपाल प्रहरीका केन्द्रीय प्रवक्ता तथा डीआइजी दानबहादुर कार्कीले बताए। 'हामीले उच्च सतर्कता अपनाएका छौं। थप जनशक्ति पनि परिचालन गरेका छौं, निगरानी बढाएका छौं।'- प्रवक्ता कार्कीले भने।

त्यसैगरी सशस्त्र प्रहरी बलले पनि उच्च सतर्कता अपनाएको छ। बिदामा गएकाहरूलाई समेत फिर्ता बोलाउने तयारी भएको सशस्त्र प्रहरीले जनाएको छ। बोर्डर आउट पोस्ट (बीओपी)हरूमा समेत थप जनशक्ति परिचालन गरिएको सशस्त्र प्रहरीले जनाएको छ।

सशस्त्र प्रहरीका प्रवक्ता तथा डीआइजी कुमार न्यौपानेका अनुसार प्रत्येक बीओपीमा ५/६ जनाको दरले जनशक्ति थप गरेर परिचालन गरिएको छ। ड्युटीलाई पनि चौबिसै घण्टा बनाइएको छ।

विशेषगरी कोशी प्रदेश, मधेश प्रदेश र लुम्बिनी प्रदेशलाई केन्द्रित गरेर जनशक्ति परिचालन गरिएको सशस्त्र प्रहरीले जनाएको छ।

बंगलादेशमा सरकारी जागिरमा आरक्षण र कोटा प्रणालीको विरोधमा भएको आन्दोलन सोमबार थप हिंसात्मक भएको थियो। बंगलादेशको राजधानी ढाकामा जारी तनावका बिच प्रधानमन्त्री शेख हसिनाले राजीनामा दिएर देश छोडेकी छन्।

बंगलादेशका सेना प्रमुख जनरल वकार उज-जमानले अन्तरिम सरकार बनाउने घोषणा गरेका छन्। अन्तरिम सरकार बनाउन राष्ट्रपतिका साथै विपक्षी दलसँग संवाद गरेको उनले बताएका छन्।

यसैबिच बंगलादेशमा आरक्षण विरोधी आन्दोलन पुनः चर्किएर हिंसात्मक बन्न थालेपछि ढाकास्थित नेपाली राजदूतावासले त्यहाँ रहेका नेपाली विद्यार्थीलाई सतर्कता अपनाउन सूचना जारी गरेको छ। दूतावासले सोमबार एक सूचना जारी गरेर नेपाली विद्यार्थीलाई आफू बसेको ठाउँमा सुरक्षित रहन अनुरोध गरेको हो।

आरक्षण विरोधी आन्दोलन हिंसात्मक बन्न थालेपछि अहिले बंगलादेश सरकारले कर्फ्यू आदेश जारी गरेको छ। दूतावासले त्यहाँ अध्ययनरत अधिकांश विद्यार्थी नेपाल फर्किइसकेको र बाँकी रहेका करिब ४ सय विद्यार्थी निरन्तर आफ्नो सम्पर्कमै रहेको जनाएको छ।

साथै नेपाल फर्किन चाहने विद्यार्थीसहित अन्य नेपालीहरुले राजदूतावाससँग समन्वय गरेर सुरक्षा प्रबन्ध सुनिश्चित भइसकेपछिमात्रै यात्रा गर्नसमेत दूतावासले आग्रह गरेको छ।

सन् १९७१ मा बंगलादेशको स्वतन्त्रताका लागि लडेका स्वतन्त्रता सेनानीका आफन्तहरूलाई निजामती सेवाका विभिन्न जागिरहरूमा दिइएको आरक्षण सुविधाको विरोधमा गत महिना विद्यार्थीहरू सडकमा उत्रिएका थिए। सरकारले अधिकांश कोटा फिर्ता लिने निर्णय गरेपछि पनि विद्यार्थीले आन्दोलन जारी राखेका हुन्। सोही प्रदर्शनका क्रममा आइतबार भएको हिंसामा कम्तीमा ९० जनाको मृत्यु भएको छ।

**विद्यार्थी आन्दोलनले ढल्यो बंगलादेशको सरकार**

विद्यार्थी आन्दोलनको दबाब थाम्न नसकेपछि बंगलादेशकी प्रधानमन्त्री शेख हसिनाले राजीनामा दिएर देश छोडेर भागेकी छन्। गत महिना सुरु भएको आरक्षणविरोधी आन्दोलनको बाढीले बंगलादेशी प्रधानमन्त्री शेख हसिनाको कुर्सी बगाएको हो। ३ सयभन्दा बढीको मृत्युपछि हसिना राजीनामा दिएर देशबाटै भाग्न बाध्य भएकी छन्। प्रदर्शनकारी प्रधानमन्त्रीको सरकारी निवासमा प्रवेश गरेका छन्।

रिक्तता र अशान्तिपूर्ण अवस्थालाई बंगलादेशको सेनाले नियन्त्रणमा लिने तयारीमा लागेको छ। सेना प्रमुख जनरल वाकर उज जमानले देशबासीका नाममा सम्बोधन गरेका छन्।

देशवासीका नाममा सम्बोधन गर्दै उनले बंगलादेशमा अन्तरिम सरकार बनाउने बताएका छन्। त्यसबारे राजनीतिक दलहरुसँग छलफल गरेको समेत उनले जानकारी दिएका छन्।

प्रधानमन्त्री हसिनाले राजीनामा दिएको पुष्टि गर्दै सेना प्रमुखले अब राष्ट्रपतिसँग भेटका लागि समय मिलाएको बताएका छन्। उनले विद्यार्थीलाई शान्त रहन आग्रह गर्दै विद्यार्थी हत्याको अनुसन्धान गर्ने समेत प्रतिबद्धता जनाएका छन्।

कस्तो खालको सरकार बन्छ भन्ने चाहिँ उनले खुलाएका छैनन्।

बंगलादेशमा कुनै संकटकाल घोषणा नगर्ने र शान्ति स्थापना गर्ने बताउँदै सेना प्रमुखले आफूहरुलाई केही समय दिन विद्यार्थीहरुलाई आग्रह गरेका छन्।

२००९ देखि मुलुकमा शासन गरिरहेकी ७६ वर्षीया हसिना राजीनामा घोषणा पनि रेकर्ड गर्न नपाई सेनाको हेलिकोप्टरमा चढेर भारततर्फ लाग्नुपर्‍यो। उनी भारतको अगरतला शहर पुगेको सञ्चारमाध्यमहरूले जनाएका छन्।

बंगलादेशमा घातप्रतिघातको राजनीति लामो समय चल्दै आएको छ। सत्ताबाहिर रहेका नेताहरू जेल पर्नु अनौठो होइन। तर, केही महिनाअघिसम्म शेख हसिनाले यतिछिटै यो दिन देख्नुपर्ला भन्ने कल्पना सायदै कसैले गरेको थियो।

हसिनाले गत जनवरी ७ मा चौथोपटक लगातार चुनाव जितेर सत्तामा पकड बलियो बनाएकी थिइन्। कतिसम्म भने सो चुनावमा विपक्षीहरू नै थिएनन्। तर, ७ महिना नबित्दै उनी निर्वासित हुनुपरेको छ।

यससँगै बंगलादेशमा सबैभन्दा लामो समय सत्ता चलाएकी प्रधानमन्त्रीको शासन अन्त्य भएको छ। जसले मुलुकलाई २० वर्षभन्दा बढी आफ्नो पकडमा राखेकी थिइन्।

बंगलादेशको आर्थिक उन्नति गरेको भाष्यका बिच राज्यका संयन्त्रहरूमा उनको कब्जा कायम भएको थियो। उनी तानाशाही बन्न थालेको आरोप लागेको थियो।

# लालपुर्जाको जग्गा सार्वजनिक भन्दै उपभोग गर्न नदिएपछि...

दुबै पक्षले रेश्मी अन्यायमा परेको बताइरहँदा उनलाई न्याय दिने चाँहीं अब को हो ? भन्ने प्रश्न उब्जिएको छ। यसको निकास दिने दायित्व स्थानीय सरकारको हो।

**प्रेम सुनार**

*गुल्मी*

गुल्मीको मुसिकोट नगरपालिकामा बसोबास गर्ने एक परिवारको लालपुर्जामा आफ्नो जमिन छ, तर स्थानीयले सार्वजनिक जमिन भन्दै उपभोग गर्न नदिएपछि उक्त परिवार सुकुम्बासी जस्तै बनेको छ।

गुल्मीको मुसिकोट नगरपालिका ७ वामीटक्सारमा बस्ने कर्णबहादुर रेश्मीमगरको परिवारले आफूहरुले किनेको जग्गा स्थानीय एक समूहले सार्वजनिक भन्दै उपभोग गर्नबाट वञ्चित गरेपछि आफूहरु सुकुम्बासी बन्नु परेको गुनासो गरेका छन्। उनले न्यायका लागि सरोकारवाला निकायमा हारगुहार गर्दै हिंडेका छन्।

बाग्लुङको साविक जलजला गाविस वडा नम्बर ७ पुर्ख्यौली घर भई २०१८ साल तिर गुल्मीको मुसिकोट नगरपालिका ७ स्थित पल्टार भन्ने स्थानमा रेश्मीका बाबु बलबहादुर बसोबास गरेको स्थानीयकै भनाइ छ। जिल्ला मालपोत कार्यालय गुल्मीले जिल्लाको मुसिकोट नगरपालिका ७ साविक वामी गाविस वडा नम्बर २ परुवाका कृष्णहरि सापकोटाले वडा नम्बर १ स्थित पल्टार भन्ने स्थानको कित्ता नम्बर १२०० को ६ आना जमिन कर्णबहादुर रेश्मीमगरलाई २०७० साल फागुन ११ गते १ लाख ७० हजारमा बिक्री गरेको लालपुर्जामा उल्लेख छ। त्यसको १० वर्षसम्म आर्थात् २०८१ साल बैशाख २६ गतेसम्म उनै जग्गाधनी कर्णबहादुर रेश्मीमगरले मुसिकोट नगरपालिकामा उक्त जग्गाको तिरो तिरेको रसिद समेत छ। तर त्यहाँका केही मानिसहरुले उक्त जग्गा सार्वजनिक हो भन्दै रेश्मीमगरलाई त्यस जमिन उपभोग गर्न दिएका छैनन्। उक्त जग्गा सार्वजनिक भएको दाबी गर्दै त्यहाँको एक समूह अदालतसम्म पुगेको छ। जिल्ला अदालत गुल्मीले उक्त मुद्दामा २०८१ साल जेठ ४ गते डिसमिस फैसला गरेको छ।

त्यसो त २०५१ सालदेखि उक्त जग्गा विवादित देखिन्छ भने २०६१ साल असार २२ गते पुनरावेदन अदालत बुटलवमा रिट समेत परेको छ। २०६० सालमा साविक वामी गाविस १ बसेरी बस्ने डिलबहादुर कुमाल, पल्टारका जंगबहादुर राना, सोही स्थानका बसन्तबहादुर राना र टिकाराम कुमालले सोही स्थानका केदारप्रसाद श्रेष्ठ, शारादा श्रेष्ठ र कृष्णहरि सापकोटाविरुद्ध उक्त जमिन सार्वजनिक भएको भन्दै मुद्दा दायर गरेको फिराद पत्रमा उल्लेख छ। जग्गा धनी कर्णबहादुर रेश्मीमगरका बाबु बलबहादुर रेश्मीमगर ब्रिटिश आर्मीबाट रिटायर्ड भई आउँदा २०१८ सालमा त्यहाँको ११ आना जग्गा भगवती श्रेष्ठसँग खरिद गरेको भन्ने उनका छोरा कर्णबहादुर रेश्मीमगरको भनाइ छ।

सोही जग्गाको घरमा बलबहादुर रेश्मीमगरले मेडिकल समेत सञ्चालन गरेर बसेको जाहेरीमा उल्लेख छ। २०३४ साल भदौ १ गते बलबहादुर रेश्मीले आत्महत्या गरे। त्यसपछि बलबहादुर रेश्मीमगरकी श्रीमती मोती रेश्मीमगरले भोग चलन गर्दै आएको परिवारजन बताउँछन्। २०३६ सालमा मोती रेस्मीले कित्ता नम्बर २०१ मा रहेको उक्त ११ आना जग्गा नापी दर्ता गराई कृष्णहरि सापकोटालाई हदमुनिको राजीनामा दिइ आफू जलजला गएर बसेको फिराद पत्रमा उल्लेख छ। सापकोटाले २०५९ साल असोज ७ गते उक्त कित्ताको जग्गामध्ये लक्ष्मीनारायण प्राविलाई ५ आना जग्गा १ लाख २५ हजार रुपैयाँमा राजीनामा दिइ सोही कित्तामध्येको कित्ता नम्बर १२०० कायम गरी ६ आना आफूले राखेका थिए।

सोही जग्गा २०७० सालमा बलबहादुरका छोरा कर्णबहादुर रेश्मीले खरिद गरी भोगचलन गरेको फिराद पत्रमा उल्लेख गरिएको छ। कृष्णहरि सापकोटाले समेत उक्त जग्गा रेश्मीकै भएको दाबी गर्दै रेश्मी अन्यायमा परेको बताउँछन्। २०७० सालतिर बलबहादुरका छोरा आएर बाबुले किनेको जमिन मैले किन्छु भनेपछि ६ आना जमिन एक लाख बुझेर १ लाख ७० हजारको राजीनामा गराइ बेचेको सापकोटाले बताए। त्यही बेलादेखि त्यो जमिन सार्वजनिक हो भन्दै यहाँका केही मान्छेले सोझो मान्छेलाई अन्यायमा पर्दै आएको सापकोटाको भनाइ रहेको छ।



**पीडित भनिएका रेश्मी दम्पति**

आफूले खरिद गरेको भनिएको जग्गामा स्थानीयले टिक्न नदिएपछि कर्णबहादुर र उनकी श्रीमती अर्कैको घर गोठमा बस्दै आएका छन्। गहभरी आँशु पार्दै उनले आफूहरु ठूलो अन्यायमा परेको तर अहिलेसम्म कतैबाट न्याय नपाएको गुनासो गर्छन्।

उक्त जग्गाको लालपुर्जा राखेर रेश्मीमगरले एक वित्तीय संस्थाबाट ऋण समेत लिएका थिए। साविक वामी गाविसका पूर्व अध्यक्ष महेशबहादुर जिसीले भने त्यो जमिन सार्वजनिक नै भएको बताए। उक्त जग्गालाई कृष्णहरि सापकोटाले व्यक्तिको बनाएको जिसीको भनाइ छ। 'ती रेश्मी निकै सोझो मान्छे हो। उनलाई अन्याय भएकै छ, त्यसविरुद्ध विगतदेखि म पनि लड्दै आएको छु र आगामी दिनमा पनि लड्ने नै छु।'-जिसीले भने। दुबै पक्षले रेश्मी अन्यायमा परेको बताइरहँदा उनलाई न्याय दिने चाँहीं अब को हो ? भन्ने प्रश्न गर्छन् रेश्मीको पक्षमा पहल गर्दै आएका तम्घासका घनबहादुर खड्का। 'कि त्यो जमिन सार्वजनिक हो र पछि व्यक्तिले हडपेर रेश्मी परिवारलाई फसाइयो वा त्यो व्यक्तिकै हो र सोझा रेश्मीलाई अन्यायमा पारिँदैछ, यसबारे नगरपालिकाका जनप्रतिनिधिहरुले उचित निकास दिनुपर्छ।'-उनले भने।

# पत्रकार पन्तको निधन



भैरहवा। भैरहवाका पत्रकार चेतन पन्तको निधन भएको छ। दुई वर्षभन्दा लामो समयसम्म मुखको क्यान्सर रोगबाट पीडित ६६ वर्षका पन्तको आइतबार राति सिद्धार्थनगर-६, दुर्गाकोलोनीस्थित आफ्नै निवासमा निधन भएको हो। उनको एक श्रीमती र दुई छोरा छन्। स्वर्गीय पन्तको सोमबार बिहान भैरहवास्थित स्वर्गद्वारी घाटमा अन्त्येष्टि गरिएको छ। नेपाल पत्रकार महासंघ रुपन्देहीले पन्तको पार्थिव शरीरमा महासंघको ब्यानर ओढाएर र श्रद्धाञ्जली अर्पण गरेको थियो। महासंघ, रुपन्देहीका अध्यक्ष रामराज पोखेरेल, सल्लाहकार माधव ढुंगाना र शेरबहादुर केसी, उपाध्यक्ष विश्वास ढकाल र सचिव विनोद परियारले झण्डा ओडाएका हुन्।

पन्त महासंघ रुपन्देहीका पूर्व सल्लाहकार समेत हुन्। तीन दशक लामो समयदेखि पत्रकारितामा क्रियाशील उनी विभिन्न संघसंस्थामा रहेर समेत काम गरेका थिए। पन्तले पछिल्लो समय लुम्बिनीको प्रबर्द्धन गर्न देशविदेशमा फोटो प्रदर्शनी गर्दै आएका थिए।

पन्त दुई दशकभन्दा धेरै समय नेपाल राष्ट्र बैंकमा कार्यरत थिए। नेपाल राष्ट्र बैंकमै कार्यरत रहँदाको बेलादेखि उनी पत्रकारिता क्षेत्रमा पनि क्रियाशील हुन थालेका थिए। सुरुवाती दिनमा नेपाल टेलिभिजनमा काम गरेका पन्त पछि स्पेश टाइम, इमेज टिभीलगायतका सञ्चारमाध्यममा कार्यरत रहे। उनी द रेयुकाइ नेपाललगायतका सामाजिक संस्थामा आबद्ध रहि सामाजिक कार्यमा पनि क्रियाशिल भए। लुम्बिनी प्रेस क्लबको स्थापनादेखि उनी सल्लाहकार थिए। लुम्बिनीको पर्यटन प्रवर्द्धनका लागि उनले विभिन्न युट्युव च्यानल समेत बनाएका थिए। बावु नगेन्द्र पन्तको देहान्तपछि जेठो छोराको रुपमा रहेका उनलाई पारिवारिक जिम्मेवारीको दायित्व सानै उमेरदेखि परेको थियो। सानै उमेरदेखि शान्त र सरल स्वभावका थिए।

अंग्रेजी, नेपाली, हिन्दी र अन्य स्थानीय भाषहरुमा राम्रो दखल भएका पन्तसँग हंसाउने कला पनि थियो। मुखको शल्यक्रिया पछि बोल्न नमिल्ने भएपछि उनले मोवाइलमा म्यासेन्जर र एसएमएसको माध्यमबाट आफन्त र नातेदारसँग कुराकानी गर्थे। रोगले ग्रसित बनाएपछि र काठमाडौंमा उपचाररत रहेको अवस्थामा उनले केही महिना अघि मोबाइल म्यासेन्जरमा लेखेको 'आइ वान्ट टु गो माइ डेस्टिनेशन' वाक्यले सबैलाई नरमाइलो बनाएको थियो।

**महासंघद्वारा शोक व्यक्त**

नेपाल पत्रकार महासंघ रुपन्देही शाखाका सदस्य चेतन पन्तको ६६ वर्षको उमेरमा भएको असामयिक निधनप्रति नेपाल पत्रकार महासंघले दुःख व्यक्त गरेको छ। महासंघका महासचिव रोशन पुरी र रूपन्देही सचिव विनोद परियारले विज्ञप्ति निकालेर पन्तको दुःखद् खबरले नेपाल पत्रकार महासंघ स्तब्ध र दुःखी भएको उल्लेख गरेका छन्। पन्तको निधनले नेपाली पत्रकारिता क्षेत्रले एक जुझारु, अनुभवी र ऊर्जाशील पत्रकार र महासंघले सक्रिय सदस्य गुमाएको विज्ञप्तिमा उल्लेख छ।



२०८१ साउन २२, गते मंगलबार
Tuesday Aug.6, 2024
दैनिक लुम्बिनी

## सम्पादकीय

# बजार अनुगमनमा पालिकाको प्राथमिकता

बुटवलमा गुणस्तरहीन दूध बिक्री भएको पाइएको छ । उप-महानगरपालिकाको विभिन्न ठाउँबाट १० वटा नमूना संकलन गरेको मध्ये अधिकांश नमूना न्यूनतम मापदण्ड पालना नगरेको पाइएको छ। सरकारले भैंसीको दूधमा न्यूनतम फ्याट ५ प्रतिशत र एसएनएफ ८ प्रतिशत, गाईको दूधमा ३.५ प्रतिशत फ्याट र एसएनएफ ७ प्रतिशत तथा मिक्स दूधमा ३.५ प्रतिशत फ्याट र एसएनएफको मात्रा ८ प्रतिशत तोकेको छ। तर बुटवलको बजारमा १.८ प्रतिशत फ्याट भएको दूध बिक्री वितरण भएको प्रयोगशाला परीक्षणबाट थाहा लागेको छ।

खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालयको प्राविधिक टोली र उपभोक्ता हित संरक्षण मञ्चका पदाधिकारीलाई लिएर उपमहानगरपालिकाको टोलीले अनुगमन गर्दा दूधमा अत्याधिक पानी मिसाएर बेच्ने गरेको पाएको थियो। त्यसमध्ये १० वटा नमूना संकलन गरी भैरहवा प्रयोगशालामा पठाएकोमा अधिकांशमा गुणस्तर कमजोर पाइएको हो। बुटवलमा केही पहिले मासु पसलमा अनुगमन गर्दा मासु पसलमा गुणस्तर नभएको मासु बेचको पाइएको थियो। खसी र बोका भन्दै बाख्राको मासु बेचेको, धेरै महिनासम्म खसी बोकाको खुट्टा फ्रिजमा राख्दै आएको र उपभोक्तालाई बेचेको तथा सरसफाइमा ध्यान नदिएको पाइएको थियो। बजारमा सबैतिर समस्या देखिन्छ। तौलमा उपभोक्तालाई ठग्ने प्रवृत्ति नियन्त्रण हुन सकेको छैन। गुणस्तरहिन समानको बिगबिगी छ। व्यापारीको कमाउ धन्दाको जालोमा उपभोक्ता पर्दै आएका छन्। बजारलाई अनुशासित र मर्यादित बनाउन गुणस्तर तथा नापतौल कार्यालय, खाद्य प्रविधि तथा गुणस्तर कार्यालयलगायतका विभिन्न कार्यालय छन्। ती कार्यालयमा पर्याप्त जनशक्तिको अभाव छँदैछ, जति जनशक्ति छ, त्यस अनुसारको काम प्रभावकारी हुन सकेको छैन। पालिकाभित्रको अनुगमनको जिम्मेवारी उप-प्रमुख वा उपाध्यक्षको संयोजकत्वमा हुने संवैधानिक प्रबन्ध छ। पालिकाभित्रको बजार अनुगमन प्रभावकारी बनाउन स्थानीय नेतृत्वलाई अधिकार दिइएको हो। बुटवलमा बेलाबखत अनुगमन भए पनि धेरै पालिकाले बजार अनुगमन गर्न चासो दिएका छैनन्। अनुगमनको काम उनीहरुको प्राथमिकतामा पर्दैन्।

बजारमा अखाद्य बस्तुको बिगबिगी बढिरहेको र ती बस्तुको प्रयोगले मानव स्वास्थ्यमा असर गरिरहेको विभिन्न अध्ययनले देखाएका छन्। नागरिकको स्वास्थ्य जस्तो संवेदनशील विषयप्रति गम्भीर नहुनु कमजोरी हो। अधिकारको सही प्रयोग र क्रियाशिलताले पालिका सरकारप्रति नागरिकको अपनत्व जगाउँछ। बुटवलले अनुगमनलाई अझ तीब्र बनाउन जति आवश्यक छ, अरु पालिकाले बजार अनुगमनलाई बेवास्ता होइन्, प्राथमिकताका साथ अघि बढाउन ढिलाइ गर्न हुन्न।

# रगत मुछिएको रेमिट्यान्स



धर्मराज भट्टराई




पछिल्लो समय नेपालको अर्थतन्त्रमा सबैभन्दा बढी विप्रेषण अर्थात् रेमिट्यान्स आम्दानी हावी बन्दै गएको देखिएको छ। मुलुकमा भित्रिने रेमिट्यान्स बढ्दा अर्थतन्त्रका परिसूचकहरू सकारात्मक देखिने र घट्दा नकारात्मक देखिने भएकाले समेत मुलुकको अर्थतन्त्र रेमिट्यान्समा निर्भर छ भन्दा फरक पर्दैन । मुलुकमा रेमिट्यान्स आप्रवाह बढ्दै जाँदा अर्थतन्त्रका परिसूचकहरूमा समेत सुधार देखिएको छ। विशेषगरी मुलुकको शोधनान्तर स्थिति, विदेशी मुद्राको सञ्चितिजस्ता अर्थतन्त्रका बाह्य परिसूचकहरूसमेत मजबुत बन्दै गएको देखिएको छ। यसैलाई आधार बनाएर सरकारले अर्थतन्त्र सुधारोन्मुख रहेको जनाएको छ। रेमिट्यान्स आम्दानी बढ्दै जाँदा सरकार हौसिएको देखिए पनि यसका पछाडि बेहोर्दै आएको मानवीय क्षतिलाई भने ओझेलमा पार्दै आएको देखिन्छ। वैदेशिक रोजगारमा गएका श्रमिकहरूले पठाएको रेमिट्यान्समा पसिना मात्र टाँसिएको नभई रगतसमेत मुछिएको विषयलाई बेवास्ता गरेको देखिन्छ।

नेपालको श्रमबजारमा वार्षिक करिब ५ लाख युवा कामको खोजीमा बजारमा प्रवेश गर्छन् । आन्तरिक बजारमा पर्याप्त रोजगारीको अवसर नहुँदा दैनिक सरदर २ हजारभन्दा बढी सक्रिय जनशक्ति कामको खोजीमा विदेसिने गरेका छन्। स्वदेशमै रोजगारीसँग सम्बन्धित नीतिलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न नसक्दा वैदेशिक रोजगारीमा जाने युवाको संख्या दिन प्रतिदिन बढ्दै गएको छ। नेपालबाट विभिन्न १ सय ११ देशमा संस्थागत रूपमा कामदार जाने गरेका छन्। तथापि, व्यक्तिगत रूपमा भने विश्वका करिब १ सय ७८ मुलुकमा नेपालीहरू जाने गरेको सरकारी तथ्यांक छ । मुलुकबाट युवाहरू विदेसिन थालेको धेरै समय भए पनि सरकारले भने आव २०६५-०६६ बाट मात्र यसको आधिकारिक तथ्यांक राख्न सुरु गरेको देखिन्छ।

नेपाल राष्ट्र बैंकको तथ्यांकअनुसार डेढ दशकको अवधिमा करिब ८४ दशमलव ६६ खर्ब रुपैयाँ रेमिट्यान्स मुलुकमा भित्रिएको छ भने यस अवधिमा वैदेशिक रोजगार विभागबाट श्रमस्वीकृति लिएर ५० लाखभन्दा बढी नेपाली विदेश गएका छन्। यसैबिच, वैदेशिक रोजगार बोर्डका अनुसार पछिल्ला १५ वर्षमा खाडी र मलेसियामा मात्र कम्तीमा ११ हजार ७ सय ६० जना नेपालीले ज्यान गुमाएका छन् । श्रम गन्तव्य मुलुकमा ज्यान गुमाउनेमध्ये १२ दशमलव ६९ प्रतिशतको सडक दुर्घटनामा, ६ दशमलव ५९ प्रतिशतको कार्यस्थलमै र १९ दशमलव ६ प्रतिशतको हृदयाघात र मुटुजन्य रोगबाट भएको जनाइएको छ। यसैगरी, ११ दशमलव १८ प्रतिशतले आत्महत्या गरेका, १ दशमलव ८९ प्रतिशतको कोभिडबाट, १९ दशमलव ७९ प्रतिशतको प्राकृतिक रूपमा र २८ दशमलव २३ प्रतिशतको अन्य कारणले मृत्यु भएको बताइएको छ । खाडी मुलुकमा अत्यधिक काम र चर्को गर्मीका कारण श्रमिकहरूको हृदयाघात र मुटुजन्य रोगबाट मृत्युको परिमाण धेरै हुने गरेको बताइन्छ। सन् २०१९ मा कार्डियोलोजी जर्नलमा प्रकाशित एक अध्ययनअनुसार कतारमा नेपाली श्रमिकहरूको मृत्युको मुख्य कारक तत्वका रूपमा अत्यधिक गर्मीलाई मानिएको छ।

वैदेशिक रोजगार विभागका अनुसार गत आव २०८०-८१ मा श्रम स्वीकृति लिएर ७ लाख ४१ हजार २ सय ९७ नेपाली विश्वभरका १ सय ४९ मुलुकमा रोजगारीका लागि गएको जनाएको छ। सोही अवधिमा १ हजार ३ सय ४६ जना नेपाली श्रमिकले ज्यान गुमाएका छन् । जसमध्ये ४४ जना नेपालीले कार्यस्थल दुर्घटनाबाट ज्यान गुमाएका छन्। यस्तै, हृदयाघातबाट १ सय ८९, सडक दुर्घटनाबाट १ सय ३५, प्राकृतिक मृत्युबाट २ सय १०, आत्महत्याका कारण ३० र बिरामी परेर ४७ जनाको मृत्यु भएको जनाइएको छ। यसैगरी, २८ जना क्यान्सर, ७ जना हत्या, ७ जना कोभिडबाट, २ सय ८७ विभिन्न रोगबाट, ८७ अन्य कारण र ५४ जना श्रमिकको मृत्युको कारण अहिलेसम्म नखुलेको बताइएको छ।

विगतका तथ्यांकहरू हेर्दा बर्सेनि वैदेशिक रोजगारमा गएका हजारभन्दा बढी श्रमिकहरूले अकालमा ज्यान गुमाएको देखिन्छ । यति मात्र होइन विभिन्न कारणले अंगभंग भएका, अशक्त बनेका तथा दीर्घरोग बोकेर आएका श्रमिकहरूको संख्या पनि कम छैन। यसरी ज्यान गुमाएका र अशक्त भएका अधिकांश श्रमिक तथा उनीहरूका परिवारले भने उचित क्षतिपूर्ति प्राप्त गर्न सकिरहेका छैनन्। अहिलेसम्म ज्यान गुमाउनेका परिवारमध्ये करिब २० प्रतिशतले मात्र क्षतिपूर्ति प्राप्त गरेको तथ्यांक बाहिरिएको छ। अन्य भने यसबाट समेत वञ्चित भएका छन्। रोजगारीका बखत अशक्त एवं दीर्घरोगी बनेका श्रमिकहरूको हालत पनि दयनीय छ। यता, सरकारलाई भने रेमिट्यान्स प्राप्त गर्दासम्म श्रमिकलाई सम्झने त्यसपछि भुल्ने गरेको आरोप लाग्न थालेको छ।

सरकारले रेमिट्यान्स पठाएका श्रमिकहरूको मात्र बेवास्ता गरेको छैन। उनीहरूले पठाएको रेमिट्यान्स रकमलाई समेत उचित परिचालन गर्न सकेको देखिँदैन। रेमिट्यान्स परिचालनका लागि कुनै ठोस रणनीति नबनेका कारण भित्रिएको अधिकांश रकम अनुत्पादक क्षेत्रमा उपयोग हुने गरेको पाइएको छ। राष्ट्रिय तथ्यांक कार्यालयले केही समयपहिले सार्वजनिक गरेको जीवनस्तर सर्वेक्षणले नेपालमा घरपरिवारले प्राप्त गर्ने रेमिट्यान्समध्ये ७२ दशमलव ४ प्रतिशत दैनिक उपभोगमा मात्रै प्रयोग गर्दै आएको जनाएको छ। यसैगरी, रेमिट्यान्सको १५ दशमलव ८ प्रतिशत ऋण भुक्तानीमा, ४ दशमलव ६ प्रतिशत स्वदेशमै अध्ययनका लागि, शून्य दशमलव ६ प्रतिशत वैदेशिक अध्ययनका लागि, १ दशमलव २ प्रतिशत पुँजी निर्माणमा, शून्य दशमलव ४ प्रतिशत व्यवसाय वा लगानीमा, १ दशमलव ९ प्रतिशत घरजग्गा तथा टिकाउयोग्य सम्पत्तिमा, १ दशमलव ९ प्रतिशत बचत र १ दशमलव २ प्रतिशत अन्य क्षेत्रमा उपयोग गर्दै आएको सर्वेक्षणले औंल्याएको छ। यसबाट के प्रस्ट हुन्छ भने मुलुकभित्र भित्रिएको रेमिट्यान्स आम्दानी उपभोग र अन्य अनुत्पादक क्षेत्रमा मात्र खर्च हुने गरेको छ।

रेमिट्यान्स आम्दानीको उचित परिचालन नहुँदा वैदेशिक रोजगारीबाट फर्केका श्रमिकको आर्थिक स्थितिसमेत जोखिममा रहेको देखिएको छ। प्रवासी नेपाली समन्वय समिति (पीएनसीसी)को एक अध्ययनले वैदेशिक रोजगारीबाट नेपाल फर्किएका आप्रवासी कामदारमध्ये ३७ दशमलव ६ प्रतिशत निर्वाहमुखी कृषिमा संलग्न रहेका र १६ दशमलव ५ प्रतिशत बेरोजगार रहेका बताएको छ। सो अध्ययनमा ८० प्रतिशत आप्रवासी कामदारहरू आफ्नो आप्रवासनका लागि ऋणमा भर पर्ने गरेको देखाएको छ। यसैगरी, वैदेशिक रोजगारीबाट फर्किएका ७२ प्रतिशत श्रमिकले वैदेशिक रोजगारीका क्रममा बचत गर्न सक्षम नभएको अध्ययनमा उल्लेख छ। यही तथ्यांकका आधारमा वैदेशिक रोजगारीबाट फर्केर आएका आप्रवासी श्रमिकहरू झन् धेरै आर्थिक जोखिममा रहेको निष्कर्ष अध्ययन प्रतिवेदनले निकालेको छ। यसैकारण रेमिट्यान्स भित्रिने घरपरिवारले प्राप्त आम्दानी फजुल एवं अनुत्पादक क्षेत्रमा हुने खर्चलाई न्यूनीकरण गर्दै लैजान प्रेरित गर्नुपर्ने आवश्यकता देखिएको छ।

नेपाल सरकारले वैदेशिक रोजगारीबाट फर्किएका नेपाली आप्रवासी श्रमिकले वैदेशिक रोजगारीका क्रममा आर्जन गरेको सीप, पुँजी तथा अनुभव नेपालमै उपयोग गर्न विभिन्न आर्थिक तथा मनोसामाजिक पुनः एकीकरण कार्यक्रम सञ्चालन गरेको बताए पनि यो कार्यक्रम प्रभाकारी रूपमा अगाडि बढेको देखिँदैन। पीएनसीसीको अध्ययनमा वैदेशिक रोजगारीबाट फर्किएका ९ दशमलव २ प्रतिशत आप्रवासी श्रमिकले आर्जित सीप देशमा प्रयोग गरेका भए पनि करिब ३३ प्रतिशत श्रमिकले विदेशमा सिकेको सीप नेपालको श्रम बजारसँग सान्दर्भिक नभएको बताएका छन्। यसैगरी, २० प्रतिशत श्रमिकले नेपाली श्रम बजार अथवा स्थानीय श्रम बजारमा समान काम उपलब्ध नभएको र ११ प्रतिशतले प्राविधिक भिन्नताहरूका कारण आफूले सिकेको सीप नेपालमा उपयोग गर्न नसकेको जनाइएको छ। यसको असर अहिले क्षणिक देखिए पनि भविष्यमा भयाभव हुनसक्ने अनुमान लगाउन सकिन्छ।

अहिले रेमिट्यान्सले अल्पकालीन अवस्थामा मुलुकको अर्थतन्त्रमा सहयोगीको भूमिका खेले पनि दीर्घकालीन विकासका लागि भने यो पर्याप्त नहुने देखिएको छ। अर्थतन्त्रलाई दिगो रूपमा बचाउने हो भने स्वदेशमै रोजगारी सिर्जना, आन्तरिक उत्पादन वृद्धि र निर्यात प्रवर्द्धनलाई प्राथमिकता दिनैपर्छ। यसका लागि अहिले मुलुकमा भित्रिएको रेमिट्यान्सलाई उत्पादनशील क्षेत्रमा सदुपयोग गर्नुपर्ने आवश्यकता देखिन्छ । अझैं पनि मुलुकका आधाभन्दा बढी जनसंख्या कृषिमा निर्भर रहेका छन् । तर, यस क्षेत्रबाट अपेक्षित लाभ लिन नसकिएको अवस्था छ । यस्तो अवस्थामा रेमिट्यान्सलाई कृषि क्षेत्रको विकास र विस्तारमा लगाउन सकिने देखिन्छ। कृषिको आधुनिकीकरण तथा व्यवसायीकरणका लागि आवश्यक औजार एवं पूर्वाधार विकासमा रेमिट्यान्सले महत्वपूर्ण भूमिका खेल्न सक्छ। यसैगरी, घरेलु तथा लघु उद्यम विकासका लागि आवश्यक वित्तीय स्रोतको मागलाई रेमिट्यान्सले परिपूर्ति गर्न सक्छ। यसबाट एकातिर स्थानीय कच्चा पदार्थको उपयोग हुनेछ भने अर्कोतर्फ रोजगारी र उद्यमशीलताको प्रवर्द्धन हुन सक्ने देखिन्छ।

रेमिट्यान्सको आप्रवाहमा भएको वृद्धिले मुलुकको अर्थतन्त्र चलायमान बनाउन सहज भएको छ। रेमिट्यान्समा भएको वृद्धिसँगै विदेशी मुद्राको सञ्चितिले मुलुकमा वस्तु आयातमा समस्या नभएको भन्दै सरकार ढुक्क देखिन्छ। यसैगरी, शोधनान्तर स्थितिमा आएको सुधारले अर्थतन्त्र जोखिमरहित भएको दाबी सरकारले गर्ने गरेको छ। रेमिट्यान्सबाट प्राप्त आम्दानीको सदुपयोग गरी मुलुकको आन्तरिक उत्पादन कसरी बढाउन सकिन्छ भन्ने बहस अहिलेसम्म चलेको देखिँदैन । एकातिर स्वदेशमा रोजगारीको सिर्जना गर्न नसकिरहेको अवस्थामा युवाहरू विदेश गएकाले सरकार ठूलो जिम्मेवारीबाट मुक्त भएको महसुस गरेको छ भने अर्कोतर्फ, कुनै कडा मेहनतबिना महिनैपिच्छे खर्बौं रुपैयाँ रेमिट्यान्स मुलुक भित्रिएकाले सरकारलाई हाइसन्चो भएको छ। तर, सरकारले के हेक्का राख्नुपर्छ भने रेमिट्यान्स सहज र सजिलो तरिकाबाट भित्रिएको छैन । हजारौं श्रमिकहरूको बलिदानको फल हो, रेमिट्यान्स। उनीहरूको बलिदानलाई उचित सम्मान गर्नु जरुरी छ। यसका लागि सरकारले वैदेशिक रोजगारमा रहेका र स्वदेश फर्केका श्रमिकहरूको आर्थिक एवं सामाजिक सुरक्षाको प्रत्याभूति दिनुपर्ने आवश्यकता देखिन्छ।

यसैगरी, रेमिट्यान्सलाई स्थायी आम्दानीको स्रोतका रूपमा लिन सकिँदैन । मुलुकमा अहिलेकै गतिमा रेमिट्यान्सको आप्रवाह सधैंभरि भइरहने कुनै प्रत्याभूति गर्न सकिँदैन । किनकि, रेमिट्यान्स आम्दानी हाम्रो वसमा हुँदैन । यसको गतिलो उदाहरण सन् २०१९ मा देखिएको कोभिड-१९ महामारी र यसले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय अर्थतन्त्रमा पुऱ्याएको प्रतिकूल असरलाई लिन सकिन्छ। सो समयमा रेमिट्यान्स आम्दानीमा आएको गिरावटले मुलुकको समग्र आर्थिक अवस्था नाजुक बन्न पुगेको थियो। यस घटनालाई सरकारले भुल्नुहुँदैन । यसैकारण प्राप्त रेमिट्यान्सको उचित उपयोग गर्दै मुलुकभित्रै रोजगारीका अवसरहरूको सिर्जना गर्न सकेको खण्डमा मात्र रेमिट्यान्समा मुछिएको रगत, पसिना अनि श्रमलाई उचित सम्मान गरेको ठहर्नेछ।

राजधानीबाट

# नेप्से परिसूचक ४० अंकले बढ्यो



काठमाडौँ । नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा सोमबार एक दशमलव ४७ प्रतिशतको वृद्धि देखिएको छ। नेप्से परिसूचक ४० दशमलव ७६ अङ्कले बढेर दुई हजार सात सय ९६ दशमलव ३८ को बिन्दुमा कायम भएको हो।

तीन सय २६ कम्पनीको चार करोड ९७ लाख ७३ हजार सात सय ३० कित्ता शेयर दुई लाख ३८ हजार ७८ पटक खरिदबिक्री हुँदा रु २१ अर्ब ८६ करोड ४९ लाख ९२ हजार दुई सय ७७ बराबरको कारोबार भएको छ।

होटल तथा पर्यटन समूहको उपसूचक सबैभन्दा धेरै छ दशमलव ६९ प्रतिशतले बढेको छ। त्यस्तै, जलविद्युत् समूह तीन दशमलव ०९, लगानी तीन दशमलव ५२, जीवन बिमा तीन दशमलव २३, जीवन बिमा एक दशमलव २५, व्यापार पाँच दशमलव ७० र अन्य समूह पाँच दशमलव ७३ प्रतिशतले बढेको छ। अरु समूहको उपसूचक भने रातो देखिएको छ।

आठवटा कम्पनीको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ । रुरु जलविद्युत् परियोजना लिमिटेड, सिइडिबी हाईड्रोपावर डेभलपमेन्ट कम्पनी लिमिटेड, सगरमाथा जलविद्युत् कम्पनी लिमिटेड, कुथेली बुखारी स्मल हाइड्रोपावर लिमिटेड, भगवती हाइड्रोपावर डेभलपमेन्ट कम्पनी लिमिटेड, माथिल्लो मैलुङ खोला जलविद्युत् लिमिटेड, भिजन लुम्बिनी ऊर्जा कम्पनी लिमिटेड र मुक्तिनाथ कृषि कम्पनी लिमिटेडको शेयर मूल्य १० प्रतिशतले बढेको हो । नेपाल फाइनान्स लिमिटेडको शेयर मूल्यमा भने नकारात्मक सर्किट लागेको छ।

कारोबार रकम र कारोबार भएका शेयर संख्याका आधारमा सबैभन्दा धेरै हिमालयन रिइन्स्योरेन्स लिमिटेडको रु एक अर्ब २६ करोड चार लाख ८८ हजार सात सय ७२ बराबरको १५ लाख ४९ हजार ९८ कित्ता शेयर किनबेच भएको छ।

# मेवा : औषधीय गुणले भरिपूर्ण



मेवा तराई र भित्री मधेसमा सजिलै उपलब्ध हुने फल हो । यो फल औषधीय गुणले भरिपूर्ण हुन्छ। त्यसो त, मेवाका रुखको प्रत्येक भागमा कुनै न कुनै औषधीय गुण पाइन्छ । प्राचिनकालदेखि नै मेवाको पातहरू घाउ सफा गर्न, दाद र दुखाइ निको पार्न प्रयोग गरिँदै आएको पाईन्छ। यसको जरामा पिसाब लगाउने शक्ति हुन्छ। मेवामा पर्याप्त मात्रामा क्यारोटेन नामको तत्व हुन्छ, जसले शरीरमा भिटामिन ए बनाउँछ।

यसमा पोटासियम पनि पर्याप्त मात्रामा हुन्छ । साथै भोजन पचाउन चाहिने विभिन्न तत्व हुन्छन्। काँचो मेवा खानाले कब्जियतबाट छुट्कारा दिलाउँछ। पाकेको मेवा कलेजोको विभिन्न समस्या समाधानका लागि लाभदायक हुन्छ। झाडापाखाला लागेमा बेलामा पाकेको मेवाको सेवनले पाखाला बिस्तारै कम हुन्छ । कब्जियतमा पाकेको मेवाको २० देखि २५ वटा बीउ १० देखि १५ दिनसम्म दिनको २ पटक खाँदा कब्जियत हट्छ । मेवाको पातलाई आगोमा तताएर दुखेको ठाँउमा राख्दा दुखाई कम हुन्छ।

मेवा रक्तअल्पता अर्थात् शरिरमा रगतको मात्रा कम हुँदा पनि प्रयोग गर्न सकिन्छ । रक्तअल्पता हुँदा मेवाले औषधिको काम गर्छ । काँचो मेवाको तरकारी र पाकेको मेवा दिनमा २ / ३ टुक्रा खाँदा सुत्केरीको दूध बढाउँछ। शरीरमा रगतको मात्रा वृद्धि गर्छ। यसले आँखालाई समेत फाइदा पुऱ्याउँछ। र, रतन्धो हुनबाट जोगाउँछ।

मेवामा पाइने विशेष तत्वले घाउमा भएका मृत कोषिकाहरूलाई हटाउँछ र घाउलाई निको पार्छ । यसका लागि केही दिनको समय भने लाग्छ। घाउलाई पहिले सफा गरेर मृत कोषहरू हटाउनुपर्छ।

घाउमा पीप छ भने बिरामीलाई दिनको २/३ घण्टामा दायाँ बायाँ कोल्टो पारेर सुताउनुपर्छ । त्यसपछि कीटाणुरहित सफा पातलो कपडाई काँचो मेवाबाट निस्कने सेतो दूधजस्तो पदार्थमा भिजाएर घाउमा राख्नुपर्छ। यो क्रिया दिनदिनै गर्नुपर्छ।

घाउ गहिरो छ भने दिनको १ /२ चोटी दोहोऱ्याउनुपर्छ । साथै बिरामीलाई कोल्टे फर्काउनुपर्छ । पाकेको मेवाको गुदीलाई मिचेर अनुहारमा केहीबेर दल्ने र एक छिन राखेर धुने गरेमा अनुहारमा चमक ल्याउँछ। स्वास्थ्य खबरबाट



**जलमग्न घोराही:**
सोमबार दिउँसो परेको भारी वर्षाका कारण ढलले थेग्न नसकेर जलमग्न बनेको घोराही उप-महानगरपालिका-१५ स्थित मुख्य बजारको सडक क्षेत्र । तस्विर : कुलदीप न्यौपाने/ रासस

# सहकारीमार्फत् आलु चिप्स, गुन्द्रुक र सिस्नोको धुलो बजारीकरण





गलकोट (बागलुङ । उच्च भागमा पाइने स्वादिष्ट आलु, सिस्नो र जङ्गलमा पाइने बाँकोलाई ब्रान्डीङ गर्न थालिएको छ । यहाँको जैमिनी नगरपालिका-३ उपल्लो दमेकको एक महिला सहकारीले आलुको चिप्स, गुन्द्रुक र सिस्नोको धुलो उत्पादन गरेर बजारीकरण गर्न थालेको हो ।

जङ्गलमा खेर गइरहेको बाँकोलाई गुन्द्रुक बनाउने र सिस्नोलाई धुलो बनाएर बजार पठाउने रुद्रतालल सामाजिक महिला उद्यम सहकारी संस्थाले हालै आलु चिप्स बनाउने, लेबलिङ र प्याकेजिङ गर्ने आधुनिक उपकरण भित्र्याएको छ। एक वर्षदेखि परम्परागत तरिकाले आलु चिप्स, बाँकोको गुन्द्रकु र सिस्नोको पाउडर बनाउँदै आएको उक्त संस्थाले 'गाजा दह आलु चिप्स तथा सिस्नो पाउडर कम्पनी' दर्ता गरेर अर्गानिक उपजको बजारीकरण थालिएको सहकारी संस्थाका अध्यक्ष चित्रा छन्त्यालले जानकारी दिए ।

"गाउँ तथा जङ्गलमा खेर गइरहेको सिस्नो र बाँकोलाई ब्रान्ड बनाएर बजारमा पुऱ्याउने हाम्रो लक्ष्य थियो, अहिले सानो परिमाणमा बजार पठाइरहेका छौँ, यहाँको आलुसमेत निकै स्वादिष्ट छ, आलुलाई चिप्स बनाएर बजार पठाउँदा यहाँका महिलाको आय आर्जन सघाउ पुग्नेछ," छन्त्याललले भने-"अर्गानिक उत्पादनको बजारीकरणमा जैमिनी नगरपालिकासमेतले सघाएको छ, यस पटक आलु चिप्स बनाउने, लेबलिङ र प्याकेजिङ गर्न रु सात लाखको उपकरण प्रधानमन्त्री कृषि आधुनिककरण परियोजनाले ८५ प्रतिशत अनुदान दिएको छ ।"

एक वर्षभित्र बाँकोको गुन्द्रुक र सिस्नोको धुलो दुईलाखको बिक्री भएको छन्त्याललले जानकारी दिनुभयो । अहिलेआलु चिप्सलाई मुख्य उत्पादनका रुपमा विकास गर्न आधुनिक उपकरणले सहयोग पुऱ्याउने छन्त्यालको भनाइ छ । विसं २०७१ मा खसीबोकाको कारोबार गर्न स्थापना भएको सहकारीले एक वर्ष यता आलु चिप्स, सिस्नोको धुलो र गुन्द्रुक बनाएर बिक्री गर्न थालेको हो ।

जैमिनी नगरपालिकाले आलु काट्ने, आलु सुकाउने र मकै भुट्ने उपकरणसमेत सहयोग गरेको छ । विसं २०७१ मा रु १० लाख शेयरपुँजीबाट सुरु भएको सहकारीको अहिले वार्षिक कारोबार रु दुई करोड ५० लाख नाघेको छ । अहिले बाँको र सिस्नो संकलन, आलु खरिद तथा ब्रान्डीङका लागि २१ महिला सक्रिय रहेका छन् ।

महिला सदस्यलाईमात्रै सहकारीमा आबद्ध गराएको सहकारीले नियमित २१ जनालाई रोजगारी दिएको छ। 'हेफर इन्टरनेशनल'लेसमेत सहकारी स्थापनाका बेला बाख्राका पाठा वितरण गरी सहयोग गरेको थियो । अहिले उत्पादन भइरहेको आलु चिप्स, सिस्नोको धुलो र बाँकोको गुन्द्रुक बागलुङ बजारसहित पोखरासम्म पुग्ने गरेको जैमिनी नगरपालिकाका उपप्रमुख हरिहर शर्माले जानकारी दिए । नगरपालिकाले महिला उद्यमशिलताका लागि हालसम्म रु १० लाखभन्दा बढीको आर्थिक सहायता प्रदान गरिसकेको उनले जानकारी दिए ।

"किसानले आलु मात्रै बिक्री गरेर भएन, जैमिनीको सबैभन्दा बढी आलु उत्पादन हुने क्षेत्रका रुपमा रहेको दमेकको आलुलाई चिप्स बनाउँदा टिकाउ हुने र बजारीकरणसमेत गर्न सहज हुने भएकाले उद्यमशीलताको कार्यक्रमलाई त्यही सहकारीसँग जोडिएको छ", उपप्रमुख शर्माले भने-"औषधीय गुणसमेत भएको बाँकोको गुन्द्रुक र सिस्नोको धुलो विदेशसमेत पुऱ्याउन सकिने सम्भावना ।" रासस

# बुटवल उवा संघको साधारणसभा भदौ ३१ मा



बुटवल । बुटवल उद्योग वाणिज्य संघको वार्षिक साधारणसभा भदौको अन्तिम सातामा हुने भएको छ । संघको सोमबार बसेको कार्यसमिति बैठकले संघको ७१औं वार्षिक साधारणसभा यही भदौ ३१ गते सोमबार गर्ने निर्णय गरेको हो ।

बैठकले साधारणसभा सम्पन्न गर्नको लागि विभिन्न सात वटा विषयगत समिति समेत गठन गरेको छ । जसमा किटव्याग व्यवस्थापनको लागि कार्यसमिति सदस्य रामबहादुर भण्डारी, खाना तथा खाजा व्यवस्थापनको लागि कार्यसमिति सदस्य दीपकप्रसाद चापागाईं, स्वागत-सत्कार व्यवस्थापनका लागि कार्यसमिति सदस्य कमल पन्त, मत सर्वेक्षण व्यवस्थापनको लागि कार्यसमिति सदस्य रेनु श्रेष्ठ, प्रस्ताव लेखनमा कार्यसमिति सदस्य कृष्णप्रसाद पाण्डे, मञ्च तथा हल व्यवस्थापनको लागि कार्यसमिति सदस्य उमेश अमात्य र निमन्त्रणा कार्ड व्यवस्थापनको लागि कार्यसमिति सदस्य काशीराम शर्मा पौडेललाई जिम्मेवारी प्रदान गरिएको संघका महासचिव मुक्तिप्रसाद अधिकारीले जानकारी दिए ।

बैठकले संघको चालु आर्थिक वर्ष २०८१/०८२ को लागि प्रस्ताव गरिएको बजेट पारित गरेको छ । बजेट तर्जुमा समितिका संयोजक तथा संघका कोषाध्यक्ष बसन्तप्रसाद ढकालले प्रस्तुत गरेको आर्थिक वर्ष २०८१/०८२ को लागि झण्डै २ करोड २० लाख रुपैयाँ बराबरको प्रस्तावित बजेट कार्यसमिति बैठकले सुझावसहित पारित गरेको हो ।

बैठकमा संघका अध्यक्ष हरिप्रसाद अर्याल, निवर्तमान अध्यक्ष उज्ज्वलप्रसाद कसजू, वरिष्ठ उपाध्यक्ष टंकप्रसाद गैरे, उद्योग उपाध्यक्ष सुरज भट्टराई, वाणिज्य उपाध्यक्ष विमलराज भट्टराई, महासचिव मुक्ति अधिकारी, कोषाध्यक्ष बसन्तप्रसाद ढकाल, सचिव प्रतिक पोखरेल र सह-कोषाध्यक्ष धनकला खनालले विविध विषयमा जानकारीसहित बैठकमा उठेका प्रश्नहरुको जवाफ दिएका थिए ।

**श्रेष्ठलाई सम्मान**

लुम्बिनी वाणिज्य क्याम्पसका नवनिर्वाचित अध्यक्ष सुरन्द्रप्रसाद श्रेष्ठलाई बुटवल उद्योग वाणिज्य संघमा सम्मान गरिएको छ। क्याम्पसको हालै सम्पन्न १४औं क्याम्पस सभाबाट अध्यक्ष पदमा सर्वसम्मत निर्वाचित संघका पूर्व अध्यक्ष श्रेष्ठलाई सोमबार बसेको कार्यसमिति बैठकमा सम्मान गरिएको हो। सोही अवसरमा क्याम्पस सञ्चालक समिति सदस्यमा नवनिर्वाचित संघका निवर्तमान अध्यक्ष तथा नेपाल उद्योग वाणिज्य महासंघका कार्यकारिणी सदस्य उज्ज्वलप्रसाद कसजूलाई पनि सम्मान गरिएको छ। उनलाई संघका अध्यक्ष हरिप्रसाद अर्यालले सम्मान गरेका छन् ।

बुटवल उद्योग वाणिज्य संघको लगानीसहितको पहलमा स्थापित लुम्बिनी वाणिज्य क्याम्पसको हालै सम्पन्न क्याम्पस सभाबाट क्याम्पस सञ्चालक समितिको अध्यक्ष पदमा संघका पूर्वअध्यक्ष श्रेष्ठ सहित सञ्चालक समितिमा संघका निवर्तमान अध्यक्ष कसजू सर्वसम्मत निर्वाचित भएका थिए । त्यस्तै संघका अध्यक्ष हरिप्रसाद अर्याल क्याम्पस सञ्चालक समितिको पदेन सदस्य छन् ।

सम्मानपछि बोल्दै श्रेष्ठले लुम्बिनी वाणिज्य क्याम्पसको ईतिहास सहित मानित विश्वविद्यालयको रुपमा अगाडि बढेको जानकारी गराए । हाल व्यवस्थापनमा मात्रै पठनपाठन हुने उक्त क्याम्पस मानित विश्वविद्यालय भएपछि व्यवस्थापन सहित विज्ञान तथा मेडिकल शिक्षा समेत प्रदान गरिने योजना रहेको बताए ।

त्यस्तै क्याम्पस सञ्चालक समितिको सदस्यमा निर्वाचित संघका निवर्तमान अध्यक्ष उज्ज्वलप्रसाद कसजूले बुटवल उद्योग वाणिज्य संघको नेतृत्वमा भएका विकासका कारण गुल्जार भएको बुटवल पछिल्लो समय आर्थिक चलायमान घटेको बताउँदै त्यसलाई कसरी उठाउने भन्ने चासो र चिन्तन पनि संघले नै गर्नुपर्ने भनाइ राखेका थिए ।

## श्री शान्तिभूमि आधारभूत विद्यालय
**कञ्चन-५, गौडीबजार, रुपन्देही**

## शिक्षक आवश्यकता सम्बन्धी सूचना

प्रकाशित मिति २०८१/०४/२२

प्रस्तुत विषयमा यस विद्यालयमा रिक्त रहेको शिक्षक पदपूर्तिका लागि कञ्चन गाउँ कार्यपालिकाको कार्यालयको प.सं.२०८१/०८२, च.नं.१०६ मिति : २०८१/०४/२१ को प्राप्त पत्र र विद्यालय व्यवस्थापन समितिको मिति : २०८१/०४/१८ को निर्णयानुसार तपसिल बमोजिम योग्यता पुगेका इच्छुक नेपाली नागरिकबाट रीतपूर्वक दरखास्त आहवान गरिन्छ ।

तपसिल
१.**पद** :- बालविकास सहजकर्ता शिक्षक
२.**तह** :- बालविकास सहजकर्ता ( संघीय सशर्त स्रोत )
३.**शिक्षक संख्या** :-(१) एक जना

| क्र.सं. | पद | शैक्षिक योग्यता |
|---|---|---|
| १. | बा वि.स. शिक्षक (संघीय सशर्त स्रोत) | एस.एल.सी. (कक्षा १२) उत्तीर्ण गरेको वा सो सरह । |

४. **उमेर**: १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको
५. **आवश्यक कागजात** :-शैक्षिक योग्यताका प्रमाणपत्र, नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपिहरु सक्कल समेत र हस्त लिखित निवेदन
६. **तलव भत्ता** :- बालविकास सहजकर्ता (संघीय सशर्त स्रोत)
७. **दरखास्त मिति** :- २०८१/०४/२२ गतेदेखि २०८१/०५/०४ गते कार्यालय समयभित्र
८. **दरखास्त दस्तुर** :- रु.१,००५।-(एक हजार पाँच रुपैयाँ मात्र)
९. **सम्पर्क मिति** :-२०८१/०५/०५ गते बुधबार कार्यालय समयभित्र
१०. **परीक्षा मिति** : सम्पर्क मितिको दिन तोकिने छ।
११. **परीक्षाको प्रकार** :- (१) लिखित (२) मौखिक र अन्तर्वाता
१२. अनुभवी, मन्टेस्वरी तालिम र अध्यापन अनुमतिपत्र भएकालाई विशेष ग्राह्यता दिइने छ ।
१३. रीत नपुगेको र तोकिएको मिति र समयभित्र पेश नभएको दरखास्तलाई कुनै मान्यता दिइने छैन ।
१४. अन्य जानकारीका लागि विद्यालयमा सम्पर्क राख्नुहोला ।
**सम्पर्क नं.** ९८५१०५१११० / ९८६४४४७२२२

**एभरेष्ट बैंक लिमिटेड बुटवल शाखाको**

## ३५ दिने हकदाबी सम्बन्धी अत्यन्त जरूरी सूचना

यस बैंकको बुटवल शाखाको बचत खाता नं ००४००५०५२००३५३ को, मन बहादुर बुढाको छोरी, रत्न बहादुर थापाको पत्नी, लुम्बिनी प्रदेश जिल्ला रुपन्देही कन्चन गाउँपालिका वार्ड नं ०४, स्थायी ठेगाना भई सोही स्थानमा बस्ने श्रीमती चमेली थापाको मिति २०८०।०९।१९ गतेका दिनमा मृत्यु भएकोले लुम्बिनी प्रदेश जिल्ला रुपन्देही, कन्चन गाउँपालिका वार्ड नं ०४ मा बस्ने उक्त खातावालाको जेठो छोरा दिल बहादुर थापाले उक्त खातामा रहेको निक्षेप रकम दिलाई पाउं भनि यस बैंकको शाखामा निवेदन दिएकोले उपरोक्तानुसारको निवेदक बाहेक उक्त निक्षेप रकम उपर अन्य कसैको हकदावी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिन भित्र आफ्नो सबुत प्रमाण सहित हक दावी गर्न आउनु होला । अन्यथा उक्त रकम भुक्तानी भई जाने छ । रित नपुगी र म्याद नाघी आएको निवेदन उपर कुनै कारवाही नहुने व्यहोरा सहित बैंक तथा बित्तीय संस्था ऐन, २०७३ को दफा १११ बमोजिम सर्वसाधारणको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**शाखा कार्यालय**
**बुटवल**
**फोन-०७१-५३३६६१**

## बर्दघाट नगरपालिका
**नगर कार्यपालिकाको कार्यालय**
**नवलपरासी (बसुप)**
**लुम्बिनी प्रदेश, नेपाल**

## सिलवन्दी दरभाउपत्र आह्वान सम्बन्धी सूचना

तेस्रो पटक प्रकाशित मितिः २०८१।४।२२

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ५९ तथा बर्दघाट नगरपालिकाको आर्थिक ऐनमा तोकिए बमोजिम भटौलिया हाटबजार, बर्दघाट १२ को ०८१ भाद्र १५ गतेदेखि ०८२ आषाढ मसान्त सम्म वैठकी कर उठाउन तथा सार्वजनिक पोखरीहरुको आर्थिक वर्ष आ.व.०८१/०८२ र आ.व.०८२/०८३ समेत २ वर्षको लागि ठेक्का बन्दोवस्त गर्न तेश्रो पटक सार्वजनिक सूचना प्रकाशन गर्ने सम्बन्धमा मिति ०८१/४/२१ को राजश्व परामर्श समितिको वैठकको निर्णय अनुसार नगरसभाबाट स्वीकृत दररेट बमोजिम आय ठेक्का नं ५।०८०।०८१ र आय ठेक्का नं १।०८१।०८२ देखि २१।०८१।०८२ सम्मका २० वटा सार्वजनिक पोखरी समेत बर्दघाट नगरपालिकाको वेवसाइट https://bardaghatmun.gov.np/मा प्रकाशित भए बमोजिमका २१ वटा आय ठेक्काको राजश्व उठाउने सम्बन्धमा इच्छुक व्यक्ति, संस्था, कम्पनी वा फर्मले तोकिए बमोजिमका आवश्यक कागजात सहित हाटबजारको हकमा WWW.bolpatra.gov.np/egp मार्फत विद्युतिय बोलपत्र (E-Bidding) र अन्य सार्वजनिक पोखरीहरुको हकमा कार्यालयमा शीलवन्दी दरभाउपत्र पेश गर्नु हुन सम्बन्धित सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरीएको छ । आय ठेक्का सम्बन्धीशर्तहरु, आय ठेक्काको बोलपत्र फाराम लगायतका कागजातहरु वेव साइट मार्फत सार्वजनिक गरिएको छ ।

**प्रकाश खनाल**
**प्रमुख प्रशासकीय अधिकृत**


## ट्वाइलेट सफा गराउनुहोस्

**तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ ।**

- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस् ।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस

सम्पर्कः
**सीताराम सफा सेनेटरी**
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२

## ट्वाइलेट सफा गराउनुहोस्

के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प,बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् । लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ ।

सम्पर्कः
**तिनाउ सेनेटरी**
बुटवल-१०, सुखानगर, रूपन्देही,
फोन: ९८५७०५८८१३,९८०७१८०८१३

## ट्वाइलेट सफा गराउनुहोस्

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरून्त ५ मिनेटमै हल गरी दिनेछौं ।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार



प्रो. रामशाह शाहानी
**विशाल सेनेटरी**
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

# लुम्बिनी क्षेत्रको सम्पदा संरक्षण गर्न सहकार्य



लुम्बिनी । बुद्धजन्मस्थल लुम्बिनी क्षेत्रको सम्पदा संरक्षण एवं थप पर्यटन प्रवर्द्धन गर्न लुम्बिनी विकास कोषले लुम्बिनी सांस्कृति नगरपालिकाका जनप्रतिनिधिसँग छलफल गरेको छ । लुम्बिनी पुरातात्विक, धार्मिक र सांस्कृतिक दृष्टिकोणले नेपालको अमूल्य सम्पत्ति रहेकाले यसको विकास, संरक्षण र प्रवर्द्धनमा स्थानीय सरकार र कोषबिच सहकार्य गर्नुपर्नेको खाँचो छलफलका सहभागीले औँल्याएका थिए ।

कार्यक्रममा कोषका कोषाध्यक्ष ढुण्डिराज भट्टराईले लुम्बिनीको विकास र संरक्षण आफूहरूले मात्रै गरेर नहुने जनाउँदै स्थानीय सरकार, लुम्बिनीका स्थानीय बासिन्दाको साथ र सहयोग आवश्यक रहेको बताए । उनले कोषको वर्तमान पदाधिकारी स्थानीयवासीको सवालमा संववेदनशील रहेको जनाउँदै लुम्बिनीलाई बौद्धमार्गी र विश्वशान्तिका अनुयायीहरूको थलोका रूपमा विकास गर्नुपर्ने जनाए। उनले स्थानीय तहका जनप्रतिनिधिले लुम्बिनीलाई साँच्चिकै शान्तिस्थलका रूपमा विकास गर्न सहयोग गर्नुपर्ने बताएका थिए ।

लुम्बिनी साँस्कृतिक नगरपालिकाका उपप्रमुख कल्पना हरिजनले कोष र स्थानीय सरकारबीच सहकार्यको वातावरण बढाउनुपर्ने बताइन । उनले कोषले स्थानीय सरकारसँग समन्वय र सहकार्यमा कन्जुस्याइँ गरेको बताउँदै अब सहकार्य गरेर स्थानीयवासीको मागलाई समयमै सम्बोधन गरेर अगाडि बढ्न सुझाव दिइन ।

कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्दै कोषका सदस्यसचिव सानुराजा शाक्यले लुम्बिनी विश्व सम्पदा सूचीमा सूचीकृत भएको स्थल र विश्वका बौद्धमार्गीका आस्थाको केन्द्र भएकाले यहाँका विषयमा सबैपक्ष संवेदनशील हुनुपर्नेमा जोड दिए। उनले युनेस्कोले खतराको सूचीमा नराख्ने निर्णय भए पनि यसको संरक्षणका लागि कोषसँगै स्थानीय सरकार र स्थानीयवासीले सहयोग गर्नुपर्ने जनाए । लुम्बिनीभित्रको संरचनाले मात्रै खतरामा नपरेको बताउँदै उनले वातावरण प्रदूषण, 'प्रोक्वाक'ले भनेको शान्ति शहरजस्ता विषयमा प्रश्न उठेकाले यस विषयमा सङ्घ, प्रदेश र स्थानीय सरकारले चासो र सहकार्यको आवश्यकता औँल्याए ।

उक्त अवसरमा विहारहरूका प्रतिनिधिले आफूहरूले धर्मशाला सञ्चालन गरिरहे पनि होटलका रूपमा सञ्चालन गरेको भनेर स्थानीय होटल व्यवसायीले गुनासो गरेकामा दुःख व्यक्त गरेका थिए । छलफलमा भन्ते विवेकानन्द, सूचना तथा जनसम्पर्क प्रमुख डा. हरिध्वज राई, विहारका प्रतिनिधिले लुम्बिनी क्षेत्रको विकासमा जोड दिएका थिए । कार्यक्रमम लुम्बिनी विकास कोषका कार्यकारिणी सदस्य श्याम रोक्का, सशस्त्र प्रहरी बलका प्रहरी नायब उपरीक्षक, कोषका विभागीय प्रमुख, विहारका प्रतिनिधिको उपस्थिति थियो । छलफलमा लुम्बिनी साँस्कृतिक नगरपालिका वडाध्यक्षहरूले लुम्बिनी साँस्कृतिक नगरपालिकासँग कोषले सहकार्य नगरेको गुनासो गरेका थिए । कोषका पदाधिकारीसहित नगरपालिकाका उपप्रमुख हरिजन, वडाध्यक्ष, विभिन्न विहारका प्रतिनिधि, बौद्ध भिक्षुसहितको उपस्थिति रहेको थियो ।

# बस्ती जोगाइदिन नदी प्रभावित नागरिकको माग



राँझा (बाँके) । बाँकेको राप्ती नदी प्रभावित नागरिकले तत्काल तटबन्ध निर्माण गरी बस्ती जोगाइदिन माग गरेका छन् । राप्ती सोनारी गाउँपालिका-७ खल्ला झगडियामा नदीको कटान तथा डुबान रोक्न निर्माण गरिएको अस्थायी तटबन्ध दुई वर्षअघि आएको राप्ती नदीको बाढीले भत्काएपछि राप्ती सोनारी-६ र ७ तथा नरैनापुर गाउँपालिकावासी ६० हजार बढी नागरिक डुबानको उच्च जोखिममा रहेका छन् ।

सोमबार उक्त क्षेत्रको अवलोकन तथा जनताको गुनासो सुन्न पुगेका सङ्घीय सांसद सूर्य ढकालसँग डुबान प्रभावित क्षेत्रका नागरिकले यस वर्ष तटबन्ध निर्माण नभए ठूलो बाढी आउनासाथ राप्ती नदीले गाउँ डुबान गर्ने भएकाले तत्काल पहल गर्न माग गरेका थिए। तटबन्ध नहुँदा राप्तीको तल्लो तटीय क्षेत्रमा पर्ने राप्ती सोनारी र नरैनापुर गाउँपालिकाको खेतीयोग्य जमिन नदीले दिनहुँजसो कटान गरिरहेको छ। अहिलेसम्म सयौँ बिघा खेतीयोग्य जमिन नदी कटानमा परिसकेको राप्ती सोनारी-७ नयाँबस्तीका शङ्कर यादवले बताए।

"विगतमा बाढी रोकथामका लागि लगाइएको तटबन्ध भत्किएर बगिसक्यो, राप्ती नदी अब कटान गर्दै गाउँतिर सोझिएको छ", यादवले भने-"ठूलो बाढी आयो भने गाउँमा पसेर बगाउँछ भन्ने चिन्ताले बर्सातको समयमा राम्ररी निदाउन पनि सकिन्न।" दुई वर्षदेखि निरन्तर तटबन्धको माग गर्दै आए पनि निर्माण कार्यमा कसैले चासो नदिएको नरैनापुर-६ का अगुवा सोहनलाल यादवले जनाए। उनका अनुसार पछिल्लो समय राप्ती नदीमा बाढी बढ्दै गएर नदी गाउँतिर सोझिँदै आएको छ । लगातार भारी वर्षा हुनासाथ राप्ती नदीको बाढी गाउँ पस्ने खतरा बढ्दै गएको छ। आफ्नो क्षेत्रमा रहेको डुबानका समस्याबारे स्थलगत अवलोकनमा पुगेका बाँके क्षेत्र नं १ का प्रतिनिधिसभा सदस्य ढकालले नदी प्रभावित राप्तीसोनारी र नरैनापुरवासीका गुनासो सुनेको जानकारी दिए। खल्लाझगडियामा राप्ती नदीले तीव्र रूपमा कटान गरिरहेकाले ठूलो विपत्ति निम्त्याउन सक्ने अवस्थालाई दृष्टिगत गरी तत्काल राज्यका निकायको ध्यानाकर्षण गराएको उनको भनाइ छ।

"अहिले ठूलो वर्षा भएकाले नदीले खेतीयोग्य जमिन कटान गर्दै बस्तीमा नै प्रवेश गर्ने अवस्था आइरहेको छ", सङ्घीय सांसद ढकालले भने-"नदीले तीव्र रुपमा कटान गर्दै धार नै परिवर्तन गर्न सक्ने जोखिम भएकाले बस्ती जोगाउन निरन्तर राज्यसँग पहल गरिरहेको छु।"

तटबन्धन निर्माण नभएका कारण राप्ती सोनारीको ६ र ७ नं वडाका सर्रा, भवानीयापुर, पहाडीपुर, वसन्तापुर, गेदवा, खल्ला झगडिया, देउपुर्वालगायतका गाउँ र नरैनापुर गाउँपालिकाको गङ्गापुर, सोनवर्षा, कुदर-वेटवा, कुडुवालगायत बस्ती जोखिममा रहेका छन् । रासस

लुम्बिनीमा इञ्जिनियरको चुनाव :

# मरासिनी र लम्सालका यस्ता छन् एजेण्डा




**लुम्बिनी संवाददाता**
*बुटवल*

नेपाल इञ्जिनियर्स एशोसिएसनको आसन्न महाधिवेशनअन्तर्गत लुम्बिनी प्रदेशमा प्रदेश सभापति पदमा तीन जनाको उम्मेदवारी दर्ता भएको छ ।

केन्द्रसहित सातै प्रदेशको भदौ २८ गते एकै दिन मतदान हुँदैछ । लुम्बिनी प्रदेशमा नेकपा एमाले निकट प्रोग्रेसिभ इञ्जिनियर्स एशोसिएशन नेपाल (पिन) बाट ई. जयलाल मरासिनी, कांग्रेस निकट सिडेनबाट ई. महेश्वर लम्साल र माओवादी निकट नेपाल राष्ट्रिय इञ्जिनियरिङ संगठन (निओन)बाट ई. धर्मराज अर्यालले प्रदेश सभापतिमा उम्मेदवारी दर्ता गरेका छन् ।

तीनजनाको उम्मेदवारी परे पनि मुख्यरुपमा मरासिनी र लम्सालको बीचमा प्रतिस्पर्धा हुने धेरैको विश्लेषण छ। मरासिनी सेवा निवृत्त हुन् भने लम्साल सडक विभाग बुटवलमा कार्यरत छन् ।

निर्वाचन समिति सदस्य ई. हेमराज शाहीका अनुसार पिनबाट मरासिनीको नेतृत्वमा प्रदेशबाट केन्द्रीय सदस्यमा बलराम पौडेल, उपसभापतिमा प्रभा पाण्डे, सचिवमा शिशिर ज्ञवाली क्षेत्री, सह-सचिवमा प्रदीप घिमिरे र कोषाध्यक्षमा राजु ढकालले उम्मेदवारी दिएका छन् ।

त्यसैगरी सदस्यहरुमा विमल कँडेल, निशा बेल्बासे, सुवर्ण न्यौपाने, तिलक चलाउने, सुभाष पुलामी, सुनिल केसी, वल्लभ भण्डारी, विपिन पौडेल, आकास पराजुली र विवेक पन्थीको उम्मेदवारी रहेको छ ।

लम्सालको प्यानलबाट प्रदेशबाट केन्द्रीय सदस्यमा आकाश शर्मा, उपसभापतिमा शिवप्रसाद तिवारी, सचिवमा प्रवेश पौडेल, सहसचिवमा संकल्प बुढाथोकी, कोषाध्यक्षमा प्रविन सापकोटाको उम्मेदवारी परेको निर्वाचन समिति सदस्य ई. हेमराज शाहीले बताए । सदस्यहरुमा जीवन पाण्डेय, अम्बिका ढुंगाना, कमल राज ढुंगाना, सुचित विष्ट, देवज्ञराज जोशी, सुरक्षित ज्ञवाली, कृतेश श्रेष्ठ, दीपेश गौतम, रुपेश परियार, अफजल मुहम्मद हल्वाईको उम्मेदवारी परेको छ ।

**के भन्छन् मरासिनी ?**

सभापतिका उम्मेदवार जयलाल मरासिनीले इञ्जिनियरका हकहितका पक्षमा डटेर लाग्ने बताए । इञ्जिनियरहरु धेरै उत्पादन हुने गरेका तर रोजगारी नपाएर विदेश पलायन हुनपरेकोले रोजगारी संख्या बढाउन केन्द्र र प्रदेश सरकारसँग पहल गर्ने, सरकारले तोकेको न्यूनतम तलब लागू नभएकाले लागू गराउन भूमिका खेल्ने मरासिनीले बताए ।

३७ वर्षको कार्य अनुभवसहित बुटवल कार्यालयको प्रमुखको रुपमा बुटवल-बेलहिया ब्यापारिक मार्गको ६ लेन सडकअन्तर्गत चौराहा - गोलपार्क सडक खण्डको ६ वर्षसम्म भएको विस्तारको अवरोधलाई पन्छाएर काम अघि बढाएको, लामो अनुभव र परिपक्व पुस्ताबाट दरिलो युवा पुस्ताको नेतृत्व गरेको बताए । इञ्जिनियरहरुले पार्टीभन्दा पनि सक्षम व्यक्तित्व हेर्ने र अघिल्लोपटक झिनो मतले जित्न नसकेकाले यसपटक साथीहरुले न्याय गरेर जिताउनेछन् भन्नेमा आफू ढुक्क रहेको मरासिनीको तर्क छ । मरासिनीले स्थानीय तहहरुमा अधिकृत तह सातौं तहमा दरबन्दी खुलाउनुपर्ने, न्यूनतम तलब लागू हुनुपर्नेलगायतका एजेण्डा विगतदेखि नै उठाउँदै आएको बताए । फिलिपिन्सबाट बीएससीइ तथा पोखरा युनिभर्सिटीबाट निर्माण व्यवस्थापन विषयमा स्नातकोत्तर गरेका मरासिनी हाल ६० वर्षको उमेरमा समेत इञ्जिनियर तथा इञ्जिनियरिङ क्षेत्रमा परेका समस्यालाई समाधान गर्न उम्मेदवार बनेको बताए ।

**के भन्छन् लम्साल ?**

सभापतिका अर्का उम्मेदवार महेश्वर लम्सालले इञ्जिनियरहरुको नियुक्ति कम्तीमा सातौं तहमा हुनुपर्ने, न्यूनतम तलब ३७ हजार ५ सय हुनैपर्ने आफ्नो मुख्य एजेण्डा रहेको बताए । यस्तै कार्यसम्पादनमा पारदर्शिता र सुशासन कायम गर्दै इञ्जिनियर समुदायको गिर्दो शाखलाई रोकेर उचाइमा पुराउने, सम्मानित बनाउने र समृद्धिको वाहक इञ्जिनियर नै हो, अरु कुनै विकल्प छैन भन्ने मान्यता स्थापित गराउने पनि आफ्नो एजेण्डा रहेको लम्सालले बताए ।

देशमा बन्ने पूर्वाधारहरुलाई आत्मनिर्भर र स्वावलम्बी बनाउन अभियान थाल्ने जस्तै स्थानीय कच्चा पदार्थको भरपूर प्रयोगबाट पूर्वाधार बनाउने, विदेशी सामानको प्रयोगलाई निरुत्साहित गरी देशको चुलिंदो व्यापार घाटा कम गर्न भूमिका खेल्ने । इञ्जिनियरिङ पढाइ हुने कलेजहरुमा नियमित अनुगमन र हस्तक्षेपकारी मनिटरिङ गरेर सर्टिफिकेट मात्र हैन, पूर्ण दक्ष र सक्षम जनशक्ति उत्पादनमा सहयोगी भूमिका खेल्ने आफ्नो प्राथमिकतामा रहेको लम्सालले बताए ।

यस्तै नयाँ उत्पादन भएका इञ्जिनियरहरुलाई पुरानो पुस्ताले सहयोग नगर्ने परिपाटी अन्त्य गर्दै राम्रा अनुभव आदान प्रदान गर्दै नयाँलाई प्रोत्साहन गरेर देशमा टिकाउने, विदेश पलायनबाट रोक्ने पनि आफ्नो प्रयास हुने लम्सालले बताए । लम्सालले प्रदेश सभापतिको हकमा आफूले नयाँ पुस्ता र पुरानो दुबै पुस्ताको साथ पाएर नेतृत्वमा पुग्न चाहेको बताए । मेरो काम गर्ने शैली र कार्यक्षमताका कारण कांग्रेस निकट मात्र नभई अन्य दलमा आस्था राख्ने र स्वतन्त्र इञ्जिनियरहरुले समेत मत दिने भएकाले आफ्नो र प्यानलको जितमा शंका नरहेको लम्सालको दाबी छ ।

३३औं कार्यकारिणी समिति हुँदासम्म नेपाली कांग्रेस निकटका उम्मेदवारले ३० पटक जितेका छन् । संस्थाका देशभर करिब ४४ हजार सदस्य छन् । १८ हजार बढीले मतदान गर्ने निर्वाचन समितिले जानकारी गराएको छ । केन्द्रीय कार्यसमिति २५ जनाको हुने व्यवस्था छ । केन्द्रबाट १८ र सात प्रदेशबाट १/१ गरी केन्द्रीय कार्यकारिणी समिति बन्ने व्यवस्था छ ।

मतदान केन्द्र प्रदेश र संघमा गरेर १३ स्थानमा तोकिएको छ । काठमाडौं र जनकपुरमा विद्युतीय मतदान हुने निर्वाचन समितिले जानकारी गराएको छ ।

इञ्जिनियर्स एसोसिएसन २०१९ सालमा स्थापना भएको थियो । बहुदलीय व्यवस्था पश्चात् एसोसिएसनमा प्यानल बनाएर प्रतिस्पर्धा गर्ने प्रचलन बसेको थियो । २०औं कार्यकारणी समितिसम्म आउँदा प्यानलगत प्रतिस्पर्धा यस संस्थामा थिएन ।

हामी बोलेर मात्र होइन पुऱ्याएर छाड्छौं
तपाईंको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू
नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा
पठाउनु परेमा हामीलाई सम्झनुहोस् ।
सुपर काइनेटिक कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन
बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको भवन)
फोन:- ०७१५४२५७१

आकर्षक डिजाइन तथा छपाई
सबै किसिमका रंगिन तथा सादा
डिजाइनका साथै सम्पूर्ण छपाईको लागि
सधैं हामीलाई सम्झनुहोस्
सम्पर्क:
आइडिया डिजाइनर्स/अफसेट प्रेस
बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोन:-०७१-५५०२९३
मो.९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com

ट्वाइलेट सफा गराउनुहोस्
बुटवल सेनेटरी प्रा.लि.
९७४५४०५९७३, ९८०७४०९८५२
सेफ्टी टंकी, रिङ्ग सफा गर्नु परेमा तथा सेनेटरी सम्बन्धी
कुनै पनि काम परेमा हामीलाई सम्पर्क गर्नुहोस् ।
मनिषा सेनेटरी ९८५११९७९६६, ९८४७१२४१९५
शर्वेस सेनेटरी ९८४७०३९१४३, ९८५७०३४३८३
रियुस सेनेटरी ९८११४२८७३०
रेसुङ्गा सेनेटरी/रेसुङ्गा वाटर सप्लायर्स ९८५७०५७०७०

नेपाल सरकारद्वारा मान्यता प्राप्त पश्चिम नेपालकै पहिलो बहु विशेषज्ञ दन्त अस्पताल
आले डेण्टल हस्पिटल प्रा. लि.
श्रवणपथ, बुटवल-६, रूपन्देही, नेपाल (भुड्कीचोक देखि ५० मिटर पूर्व)
071-530108, 532544 dentalhospitalale@gmail.com www.aledentalhospital.com
दाँत, मुख तथा गिजा उपचार केन्द्र


"Healthy Smile, Happy Life" Our Location "स्वस्थ मुस्कान, खुशी जीवन"

सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादकः टिआर शर्मा,
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dainiklumbiniadd@gmail.com (Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ वेबसाइडः www.lumbinipatrika.com